श्री

राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७६/०७७ सालको निर्णय नं. ८२

पुनरावेदन नं. : ०७६-RB-०३०३

पुनरावेदन दर्ता मिति २०७५।१२।२६

भक्तपुर जिल्ला, गुण्डु गा.वि.स. वडा नं ६ को हाल अनन्तलिङ्गेश्वर न.पा. वडा नं १४ बस्ने शशी कुवंर.........................................................................................पुनरावेदक

**विरूद्ध**

महानगरिय प्रहरी त्रिभुवन विमानस्थल सुरक्षा कार्यालय काठमाडौका प्र.ब.उ श्याम बहादुर खत्री समेतको प्रतिवेदनले नेपाल सरकार ............................................................ प्रत्यर्थी

**मुद्दाः सुन चोरी पैठारी**

शुरु निर्णय गर्ने अधिकारी :- प्रमुख भन्सार प्रशासक श्री गजेन्द्र कुमार ठाकुर

शुरु निर्णय गर्ने कार्यालय :- त्रिभुवन विमानस्थल भन्सार कार्यालय

शुरु निर्णय मिति :- २०७५/०६/०९

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री समिर कुमार उपाध्याय

प्रत्यर्थीको तर्फबाटः विद्वान शाखा अधिकृत श्री टेकनाथ अधिकारी

त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको मिति २०७६।०६।०९ को निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

**मुद्दाको तथ्य**

१. मिति २०७३।०७।२९ मा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको अन्तराष्ट्रिय आगमन कार पार्किङ्ग एरियामा बाहिरी मुलुकबाट आगमन भएको यात्रुहरुबाट अवैध रुपमा भन्सार छली गर्न गोलाकार सुनको बाला थान एकले हुन आउने जम्मा मूल्य रु २,७५,९९३।— बराबरको कुल तौल ५८ ग्राम सुन सहित मानिस पक्राउ परेको ।

२. मिति २०७३।०७।२९ गतेका दिन अन्दाजी १८:३० बजेको समयमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको अन्तराष्ट्रिय आगमन कार पार्किङ्ग एरियामा साथिले कतारवाट पठाई दिएको घरायसी प्रयोगको मैले मगाएको सुन यात्रुवाट लिएको अवस्थामा सुनको ५८ ग्रामको बाला थान-१ मेरो साथबाट प्रहरीले बरामद गरेको हो, सो सुनको भन्सारमा घोषणा गरेको छैन, अरुबाट मगाएर संकलन गर्न पाइदैन भन्ने नेपालको कानूनी व्यवस्था बारेमा मलाई थाहा थिएन, अनजानमा गल्ती हुन गयो भन्ने समेत व्यहोराको पुनरावेदक सशी कुँवरले त्रिभुवन विमान स्थल भन्सार कार्यालयमा गरेको वयान ।

३. प्रतिवादीले पक्राउ परेपछि त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा बयान गर्दा आफ्नो साथबाट ५८ ग्राम सुन बरामद भएको भनी स्वीकार गरेको र प्रतिवेदनमा समेत सोही व्यहोरा उल्लेख पेश भएको, (Ignorance of Law is no excuse) कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने न्यायको सर्वमान्य सिद्धान्तमा आधारित भइ सुन ल्याउन नपाइने थाहा नभएको भन्ने यथार्थलाई नजरअन्दाज गर्न नमिल्ने, सुनको भन्सारमा अग्रिम घोषणा नगरेकोले सुन चोरी पैठारी गर्ने मनसाय देखिएको, पुनरावेदकले कही कतैपनि भन्सारमा आफूले ल्याएको सुनको प्रज्ञापनपत्र भरेको वा भन्सार तिरेको निस्सा पेश गेरेको नदेखिएकोले भन्सार ऐन २०६४ को दफा ५७ बमोजिम बरामद भएको ५८ ग्राम काँचो सुनको बाला जफत गरी सोही ऐनको दफा ५७(१) बमोजिम विगो मूल्य रू.२,७५,९९३।— जरिवाना हुने ठहरी त्रिभुवन विमान स्थल भन्सार कार्यलय, काठमाण्डौंबाट मिति २०७५।०६।०९ मा भएको निर्णय ।

४. भिनाजुले आफ्नो साथी मार्फत आफुलाई कोसेली पठाइदिएकाले लिन त्रि.वि.को गेटनिर भिनाजुको साथीलाई भेट्दा एक्कासी साधारण पोसाकमा आएका मानिसहरुले जबर्जस्ती सामाति निजले हातमा लगाएको सुनको बाला झिकेर सुनको अवैध रुपमा भन्सार छलीको कसुर गरेको भनी गाली धम्की दिदै पक्राउ गरी लगिएको, सुनको बाला विदेशबाट मगाएको हो भन्सार तिरेको बिल तथा घोषणा गरेको प्रज्ञापन पत्र समेत ल्याउन सक्ने भन्दा पनि नमानी धम्की दिई पक्राउ गरी गरेको, पुनरावेदकलाई ५८ ग्राम सुन अवैध रुपमा संकलन गरी लैजान लागेको भनी लगाएको आरोप सरासर गलत हो, उक्त सुनको बाला संक्षिप्त प्रज्ञापन पत्र भरी तथा भन्सार महसुल तिरेको कागजातको आधारमा कतारमा बस्ने भिनाजुको साथी मार्फत मगाएको हुनाले त्रिभुवन विमानस्थल भन्सार कार्यलय, काठमाण्डौंबाट मिति २०७५।०६।०९ मा भएको फैसला फौजदारी न्यायको सामान्य सिद्धान्तहरुको प्रतिकुल भई सम्पूर्ण अनुसन्धान प्रक्रिया तथा निर्णय बदरभागी भएकोले निर्णय उल्टी जरिवाना

बापतको रकम फिर्ता पाऊँ भन्ने समेत व्यहोराको पुनरावेदक शशी कुवंरका तर्फबाट यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र ।

५. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६।०६।२९ को आदेश ।

## ठहर खण्ड

६. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री समिर कुमार उपाध्यायले पुनरावेदक प्रतिवादीलाई शुरुमा बयान गर्दा प्रहरीद्धारा आफु अनुकुल हुने गरी पुरस्कृत हुने नियतले बयान गराएको, भन्सार ऐन बमोजिम अभियोग लागेकालाई प्रज्ञापनपत्र भरी सफाईको मौका दिनु पर्नेमा सो नगरी बाहिर समातिएको हुँदा शुरुको निर्णय कानुन विपरित हुँदा बदर गरी बरामद गरेको सुन र धरौट समेत फिर्ता पाउनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो ।

७. प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारीले पुनरावेदकले विदेशबाट मगाई संकलन गरेको अवस्थामा निजको साथबाट ५८ ग्राम सुनको बाला बरामद भएको, घोषणा नगरेको, प्रज्ञापनपत्र नभरेको र भन्सार तिरेको निस्सा पेश गर्न नसकेको हुँदा चोरी पैठारी गरेको ठहर गरी बरामद सुन जफत गरी जरिवाना गर्ने गरी भएको शुरुको निर्णय कानूनसम्मत भएकोले सदर कायम हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

८. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालय बाट मिति २०७५।०९।०६ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

९. पुनरावेदक प्रतिवादी शशि कुँवरको साथबाट मिति २०७३/७/२९ गतेका दिन बाहिरी मुलुकबाट आगमन भएका यात्रुबाट अवैध रुपमा भन्सार छली गर्न लगाई ल्याईएको सुनको बाला ५८ ग्रामको एक थान संकलन गरी लैजान लागेको अवस्थामा बरामद भएको, निजले बयान गर्दा उक्त सुन साथीबाट घरायसी प्रयोजनका लागी मगाएको हो । साथीले कतारबाट पठाएको ५८ ग्राम सुन संकलन गर्ने क्रममा पक्राउ परेको हुँ । अन्य कुनै व्यापारिक उद्धेश्य छैन । भन्सार घोषणा गरेको वा प्रज्ञापनपत्र भरेको छैन भनी बयान गरेको,

व्यक्तिगत तबरमा पैठारीमा बन्देज लगाएको सुन भन्सार घोषणा नगरी भन्सार महसुल नतिरी ल्याई संकलन गरेको हुँदा उक्त सुन जफत गरी सुनको विगो रु२७५९९३/- जरिवाना हुने ठहरी भएको शुरुको निर्णय उपर चित्त नबुझाई पुनरावेदन परेको देखिय ।

१०. पुनरावेदन पत्रमा प्रतिवादीले मुख्यतः कतारमा बस्ने भिनाजुले निजको साथी मार्फत मेरो परिवारलाई कोशेली पठाँईदिएकोले लिन गएको र भिनाजुको साथीलाई भेट्दा पक्राउ परेको, सुनको बाला बिदेशबाट मगाएको हो भन्सार तिरेको बिल तथा घोषणा गरेको प्रज्ञापनपत्र समेत ल्याउन सक्छु भन्दा समेत कलुषित मनसाय राखी सुन जफत गरी  जरिवाना समेत गर्ने गरी भएको निर्णय बदर गरी सुन र राखेको धरौट रकम समेत फिर्ता पाउँ भनी जिकिर लिएको पाईन्छ ।

११. यसरी एकातर्फ पुनरावेदक प्रतिवादीको शुरुको बयान व्यहोरा खण्डित हुने गरी निजले पुनरावेदनपत्रमा जिकिर लिएको देखिन्छ भने अर्का तर्फ पुनरावेदक प्रतिवादिबाट बरामद भएको सुन ५८ ग्राम निजले बाहिरि मुलुकबाट आगमन भएका यात्रुबाट मगाई संकलन गरेको कुरामा विवाद देखिएन । जहाँसम्म प्रतिवादीले भन्सार तिरेको वा प्रज्ञापनपत्र भएको अवस्थामा बरामद गरेको भन्ने जिकिर लिएका छन उक्त जिकिर मौकामा प्रतिवादीले बयान गर्दा भन्सार घोषणा गरेको वा प्रज्ञापनपत्र भरेको छैन अरुबाट सुन मगाई संकलन गर्न पाइदैन भन्ने थाहा थिएन भनी खुलाएबाट खण्डित भएको अवस्था छ । नेपाल सरकारबाट निजि झीटी गुन्टा भारी सम्बन्धी सूचनाको दफा १ को उपदफा ६ को खण्ड ६ मा विदेशबाट फर्किएका यात्रुले ल्याएको सामान अन्य व्यक्तीको नाममा जम्मा गर्न वा नामसारी गरी छुटाउन नपाइने भन्ने व्यवस्था गरेकोमा यि प्रतिवादीले बिदेशबाट फर्किएका यात्रु अनिल कुमार थापा मार्फत मगाएको भनी पुनरावेदनपत्रमा उल्लेख गरेको, मौकामा बयान गर्दा आफ्नो साथबाट ५८ ग्राम सुनको बाला बरामद भएको, उक्त सुन साथीले कतारबाट पठाएको हो मैले मगाएको हो भनी उल्लेख गरेकोबाट  सुन आफुबाट बरामद भएको, विदेशबाट आगमन भएका यात्रुबाट संकलन गरेको कुरा स्वीकार गरेको र नजिले लिएको अन्य जिकिर निजको मौकामा भएको बयानसंग बाझिएको देखिएको एवं कानूनतः पैठारीमा बन्देज लगाएको परिमाणको सुन कानूनी प्रकृया अनुसार भन्सार घोषणा गरी पैठारी गर्नु पर्नेमा भन्सार घोषणा नगरी भन्सार छली गरी चोरी पैठारी गरेको देखिएको हुँदा शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयको निर्णयलाई अन्यथा भन्न मिल्ने देखिन आएन ।

१२. तसर्थ, माथि विवेचित तथ्य एवं कारण समेतको आधारमा प्रतिवादी शशि कुँवरबाट बरामद भएको सुन भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी गरेको ठहऱ्याई सोही ऐनको दफा ५७(१) बमोजिम बरामद सुन जफत गरी बरामद सुनको बिगो रु.२,७५,९९३/- जरिवाना गर्ने ठहऱ्याई शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७५/६/९ मा भएको निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसील बमोजिम गर्नू।

**तपसील**

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनु------------------------१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु-------२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु---------------------------------------------३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा म सहमत छु ।

पुष्पप्रसाद गुरागाईं
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-

विश्वराज कुइकेल(शाखा अधिकृत)

इति सम्वत् २०७६ साल पौष महिना ८ गते रोज ३ शुभम् ..........................